annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६२ पृष्ठ ८ | काठमाडौं, सोमबार १७ असार २०८१ | आषाढ कृष्णपक्ष दशमी, नेपाल संवत् ११४४ | MONDAY, JULY 1, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## अहिलेको एसईई नतिजाले शैक्षिक गुणस्तर बढाउँछ



**दुर्गाबहादुर खड्का**

इजलास

जसरी पुरानै एसएलसीकै लयमा अहिलेको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा आयो यसले अबदेखि बिग्रँदै जान थालेको शैक्षिक गुणस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा राखिएको छ। प्यूठानका ८० वटा विद्यालयमध्ये हालसम्म मैले झन्डै ४० भन्दा बढी विद्यालयमा टेलिफोन गरेर शिक्षकहरूसँग प्रतिक्रिया लिएँ। यो नतिजाप्रति सबैको सकारात्मक प्रतिक्रिया छ।

१ दशमलव ६ जीपीए ल्याउँदा हुने पहिलेको प्रणालीलाई खारेज गरेर अहिले लिखितमा ३५ र प्रयोगात्मक विषयमा ४० प्रतिशत ल्याउनैपर्ने व्यवस्था भयो। जसले गर्दा धेरै विद्यार्थी अनुत्तीर्ण भए। कैयौं विद्यालयको नतिजा शून्य भयो। शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षाप्रेमीहरूलाई यो नतिजाले झट्का हानेको छ। त्यसैले त, नतिजा आएलगत्तै कतिपय विद्यार्थीको सोचाइमा नकारात्मक असर पनि परेको देखियो, सुनियो। त्यसलाई न्यूनीकरण गर्न शिक्षासँग सरोकार राख्ने सबै पक्ष जिम्मेवार बन्नुपर्छ।

शिक्षकहरू जिम्मेवार बन्नुपर्छ। विद्यार्थीलाई अब पढ्नुपर्ने रहेछ भनेर सचेत गराएको छ भने अभिभावकहरूको चासो बढेको छ। यी तीनवटै पक्षको घुलन नहुँदासम्म समग्र शिक्षा क्षेत्रको गुणस्तरमाथि जान सक्दैन।

*(खड्का शिक्षा विकास तथा समन्वय एकाइ प्यूठानका एकाइ प्रमुख हुन्।)*



कभर स्टोरी

# आँप खान आउनुस् मधेस

**मधेस अहिले आँपमय बनेको छ। घर, बारी, फूलबारी, बगैंचा जतातत्तै लटरम्म आँप फलेका छन्। यसले प्राकृतिक सौन्दर्यलाई त बढाएको छ नै, रूखमै पाक्न थालेका आँपको बासनाले जोकोहीलाई आकर्षित र खानका लागि ललायित गरेको छ। मधेसका घर मात्र होइन, बजार पनि आँपले भरिभराउ छ। यहाँको प्रमुख नगदेबाली आँप हो। यसले किसानहरूलाई मनग्य आम्दानी दिलाएको छ।**

**मनिका झा** | *जनकपुरधाम* – को रिपोर्ट

समाचार पृष्ठ २

नेकपा एसको १०औं राष्ट्रिय महाधिवेशन

# लोकतन्त्रवादी शक्ति एक हुनुपर्नेमा नेताहरूको जोड



**राजकरण महतो** | *काठमाडौं*

नेकपा एकीकृत समाजवादी पार्टीको १०औं राष्ट्रिय महाधिवेशन आइतबारबाट राजधानीमा सुरु भएको छ। तीन वर्षअघि एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादी पार्टीले कम्युनिस्ट पार्टीकै निरन्तरता भन्दै १० औं महाधिवेशनको संज्ञा दिएको छ। राष्ट्रियसभा गृहमा भएको महाधिवेशन उद्घाटन सत्रमा प्रमुख दलका शीर्ष नेताहरूले सम्बोधन गरेका थिए। एमाले अध्यक्ष केपी ओली भने उपस्थित भएनन्।

उद्घाटन सत्रमा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालले देशमा केही पनि हुँदैन भन्ने गलत भाष्य सिर्जना गर्न खोजिएको भन्दै त्यसका विरुद्ध सबै शक्ति एकजुट हुनुपर्ने बताए। 'देशमा केही भएको छैन, केही छैन, केही हुँदैन, पार्टीहरू सबै खतम छन्, नेताहरू सबै खतम छन् भन्ने भाष्य बनाउन खोजिएको छ। त्यो भाष्य मेरो विचारमा प्रतिक्रियावादी भाष्य हो, त्यो प्रतिगमनकारी भाष्य हो', प्रधानमन्त्री दाहालले भने, 'भ्रष्टाचार अभियानलाई निस्तेज पार्ने किसिमका प्रचारवाजी गरिएका छन्, यो गलत छ, त्यसकारण राम्रा कामलाई राम्रो भन्न सक्नुपर्‍यो, नराम्रालाई नराम्रो भनेर आलोचना गर्नुपर्‍यो।'

जनताका आशा एवं अपेक्षाहरू पूरा गर्नका लागि सम्पूर्ण लोकतन्त्रवादी राष्ट्रिय शक्तिहरू एकताबद्ध हुनुपर्ने प्रधानमन्त्री दाहाले बताए। माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रचण्डले भने, 'आन्दोलनका नेताहरूले अझ ठूलो परिवर्तनका निम्ति एवं नेपाली जनताको आशा, अपेक्षा पूरा गर्न फेरि एकपटक संकल्प लिन जरुरी छ, एकताबद्ध एवं केन्द्रित हुन जरुरी छ।'

प्रधानमन्त्री दाहालले निराशा र अतिवादी प्रवृत्तिलाई परास्त गर्दै क्रान्तिकारी आशावादीका साथ सही विचार र राजनीतिक कार्यदिशा विकास गरेर कम्युनिस्ट एकता, राष्ट्रिय एकता एवं राष्ट्रको समुन्नतिको निम्ति स्पष्ट कार्यक्रम लिएर अगाडि बढ्न नेकपा(एकीकृत समाजवादी)लाई सुझाव दिए। कांग्रेस सभापति शेरबहादुर देउवाले मुलुकको दिगो शान्ति, सुशासन तथा समृद्धिमा ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन्। सभापति देउवाले संविधानको रक्षा, संघीय लोकतन्त्रात्मक व्यवस्थाको सुदृढीकरण र दिगो शान्ति, सुशासन तथा समृद्धि प्राप्तिको महत्वपूर्ण एजेन्डामा ध्यान केन्द्रित गर्नुपर्ने बताए।

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पार्टी बलियो भएर मात्र नपुग्ने भन्दै विचार र दृष्टिकोण पनि सही हुनुपर्ने बताए।

**ओली–देउवा भेटले राजनीतिमा झस्को**

*-पृष्ठ ३*

प्रधानमन्त्री दाहाललाई संकेत गर्दै अध्यक्ष नेपालले भने, 'सम्माननीय प्रधानमन्त्रीज्यू, सुनिन्छ संसद् विघटन गरेर ठीक गरियो भनेर कतिपयले बोल्ने गरेका छन्,' नेपालले भने, 'हिजो विघटन गरेर ठीक गरियो भन्नेले भोलि फेरि विघटन गरिदेलान ख्याल गर्नुहोला।' जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राईले संविधानलाई अझै समृद्ध बनाउन जरुरी रहेको बताए। उनले भने, 'संविधानलाई अझै खारेर पहिचानयुक्त, सुदृढ र सफल बनाउन आवश्यक छ।'

धेरै मिहिनेत, त्याग, तपस्याबाट र हजारौं हजार सहिदको बलिदानबाट नयाँ व्यवस्था आएकाले यसलाई व्यवस्थित बनाउन आवश्यक रहेको उनको भनाइ थियो।

## 'सहमतिमै नेतृत्व गर्नुपर्छ'



नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले नयाँ नेतृत्व सहमतिका साथ चयन गर्नुपर्ने बताए। एकीकृत समाजवादीको राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहमा खनालले सहमति नहुँदा मात्र लोकतन्त्रको उपयोग गरेर नयाँ नेतृत्व चयन गर्नुपर्ने बताए।

'देशको विकासका लागि एउटै आवाजका साथ सहमतिबाट अगाडि बढ्नुपर्छ', उनले भने, 'प्रतिस्पर्धा गर्नुपर्दा सुन्दर ढंगले गर्नुपर्छ।'

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पार्टीलाई बलियो बनाउने नेतृत्वको आवश्यकता रहेको बताए। महाधिवेशनको उद्घाटन गर्दै उनले यस्तो भनेका हुन्। एकीकृत समाजवादीमा नेता र कार्यकर्ताको कमी नभएको अध्यक्ष नेपालले दाबी गरे।

'यो पार्टीमा नेता र कार्यकर्ताको कमी छैन। अधिकांश पालिकामा हामी पुगेका छौं। निकै अनुभवि नेता र कार्यकर्ता हामीसँग छन्। ठाउँ-ठाउँमा पार्टीको लहर चलेको छ। निराश हुने कुरा गर्नुपर्दैन,' उनले भने, 'विचार मिल्नेसँग एकताको आधार बनाउँदै जान्छौं।' पार्टी बलियो बनाउन सही विचार र दृष्टिकोणका साथ अगाडि बढ्नुपर्ने उनले बताए।

